जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि परेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

वर्ष १२ • अंक ३४८ • २०८२ असोज २० गते सोमवार • 6 Oct. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
9854025530 / 9824885783

# अविरल वर्षाको कारण महोत्तरी जिल्लाको विभिन्न क्षेत्रहरुमा बाढी र डुबानको क्रम बढे

## जलेश्वरनाथको मन्दिरसहित जलेश्वर जलमय,राहत र ठोस समाधानको आवश्यकता

**जलेश्वरटुडे समाचारदाता**
**जलेश्वर, १९ असोज**

लगातार दुई दिनदेखि परिरहेको अविरल वर्षाको कारण महोत्तरी जिल्लाको विभिन्न क्षेत्रहरुमा बाढी र डुबान बढेको छ। बाढीको पानी जिल्लाको सदरमुकाम जलेश्वरमा पस्दा सडक जलमग्न भएको छ भने केही घरहरुमा पानी पसेको छ। दुई दिनदेखि लगातार परिरहेको पानीको कारणले नदीहरुमा जलस्तर बढ्नुका साथै तटबन्धहरु कटान गर्न थालेका हुन्।



लगातारको पानीको कारणले जिल्लामा रहेको रातो, जंग्हा, माढा, विग्ही, गेरुकी, कुटमेश्वरी लगायतका दर्जनभन्दा नदीहरुमा जलस्तर बढेको छ। जिल्लाको दुःख भनेर चिनिने रातो नदिको रतवारमा २० मिटर बाँध कटान भएको छ भने जलेश्वर नगरपालिका वडानं. ३ को धवौलीमा सशस्त्र प्रहरी चेकपोष्टभन्दा दक्षिणमा ३५ मिटर बाँध कटान गरिएको छ । रतवाराको तटबन्ध कटानले पानी सोझै सदरमुकाम जलेश्वर प्रवेश गरेको छ। जसको कारण जलेश्वरको महादेव मन्दिर क्षेत्र तथा जलेश्वरको अस्पताल चोक डुबानमा परेका छन् । धवौलीमा काटिएको तटबन्धको पानी सोही वडाको खैरातर्फ सोझिएको छ । जलेश्वरमा बाढीको पानी प्रवेश भएको र ढल जामको समस्याले दुई फिटभन्दा बढी पानी जमेको जलेश्वर नगरपालिका वडानं. २ का युवा मुकेश पासवानले बताउनुभयो। जलेश्वर नगरपालिकाको विभिन्न ठाउँमा शहरीकरणको लागि ढलसहितको सडक बनाईए पनि ढल जाम हुने गर्दा सडकमै दुईफिटभन्दा बढी पानी जमेको युवा पासवानको भनाई थियो । स्थानीय दैवी प्रकोप उद्धार समितिले शनिबारदेखि नै जनचेतना थालेको तथा बाढी आउन सक्ने सम्भावित क्षेत्रमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना परिचालन गरिएको छ। जिल्लाको एकडारा गाउँपालिका वडा ६ वगेयामा तटबन्ध भत्किदाँ एकडारा गाउँमा पानी पसेको छ जसको कारणले धेरै घरहरुमा पानी पसेको जनाइएको छ। बाढीको पानीको कारण जलेश्वर बर्दिबास सडकखण्डबाट पानी बगेको छ । बाढीको कारण जिल्लाको औरही नगरपालिका वडानं. २ मा समेत १५ वटा घरहरुमा क्षति पुगेको स्थानीय युवा प्रेमबाबु यदुवंशीले जानकारी दिनुभयो।

# रातु खोलाले बगाएको नेपाल टेलिकमको जिपलाई सशस्त्र प्रहरीद्वारा निकालियो

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १९ असोज**

महोत्तरीको भंगाहा नगरपालिका-५ जमुनियामा रातु खोलाले बगाएको नेपाल टेलिकमको जिपलाई सशस्त्र प्रहरीले सुरक्षित रूपमा निकालेको छ। सशस्त्र प्रहरी बलका सह-प्रवक्ता तथा डीएसपी शैलेन्द्र थापाका अनुसार प्रदेश-३-०१-४५२७ नम्बरको सो जिपलाई जेसीबीको सहयोगमा निकालिएको हो।



शनिबार साँझ अविरल वर्षासँगै रातु खोलामा आएको आकस्मिक बाढीका कारण भंगाहा-बिर्ता सडक खण्ड पार गर्न खोज्दै गरेको जिप खोलामा बगेको थियो। टेलिकम कार्यालय जनकपुरको उक्त जिपमा एक जना चालक मात्रै सवार थिए । जिप बगिरहेको देखेपछि स्थानीय बासिन्दाले तुरुन्तै प्रहरीलाई खबर गरेका थिए।

त्यसपछि सुरक्षा बेस भंगाहाबाट खटिएको सशस्त्र प्रहरी टोलीले तत्काल उद्धार कार्य सुरु गरेको थियो। डीएसपी थापाका अनुसार जिप चालक सकुशल छन् र समयमै उद्धार हुनुले ठूलो क्षति हुनबाट जोगिएको हो । उनले भने, 'जिप खोलाको किनारमा अड्किएको थियो। बाढी घटेपछि जेसीबीको सहयोगमा सुरक्षित रूपमा निकाल्न सफल भयौं।' उद्धार कार्यमा सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र स्थानीय स्वयंसेवकहरू समेत सहभागी भएका थिए। बाढीका कारण उक्त सडक खण्डमा यातायात अवरुद्ध बनेको छ। स्थानीयवासीले भने रातु खोलाको जलसतह हिजो साँझदेखि लगातार बढ्दै गएको र आसपासका खेत तथा घरहरूमा पनि पानी पसेको बताएका छन्। भंगाहा र आसपासका क्षेत्रमा बाढीका कारण टेलिकमको सेवा अवरुद्ध हुन सक्ने सम्भावना देखिएको स्थानीय प्रशासनले जनाएको छ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले बाढीप्रभावित क्षेत्रका नागरिकलाई उच्च सतर्कता अपनाउन अनुरोध गरेको छ। साथै, बाढीका कारण कुनै पनि जोखिमपूर्ण स्थानमा नजान र सुरक्षा निकायसँग समन्वयमा रहन आग्रह गरिएको छ । नेपाल टेलिकम जनकपुर कार्यालयका प्रमुखका अनुसार जिपको अवस्था केही क्षति पुगेको भए पनि महत्वपूर्ण उपकरणहरू सुरक्षित छन्।

# मधेश प्रदेशको राजधानी जनकपुरधाम निरन्तरको वर्षाले जलमग्न



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १९ असोज**

धनुषासहित मधेशका प्रायः सबै जिल्लामा शुक्रबार रातिदेखि नै मेघ गर्जनसहित अविरल पानी परिरहँदा जनजीवन प्रभावित बनेको छ । दसैंको समयमा निरन्तर मुसलधारे वर्षा भई बाहिर निस्कनै नसक्ने अवस्था आउँदा जनजीवन प्रभावित बनेको हो। भारी वर्षा जारी रहेकाले अत्यावश्यक काम परेका मानिससमेत घर बाहिर निस्कन सकेका छैनन्। मान्यजनकहाँ दसैंको टीका, जमरा ग्रहण गर्न जानुपरे पनि लगातार झरी परिरहँदा घरमै थुनिएका छन् । मधेश प्रदेशको राजधानी जनकपुरधाम निरन्तरको वर्षाले जलमग्न बनेको छ।

अविरल वर्षा जारी रहँदा जनकपुरधाम उपमहानगरपालिकाका अधिकांश बस्ती, बजार र सरकारी कार्यालय परिसर पानीले डुबानमा परेका छन् । नगर प्रमुख मनोज साहका अनुसार बर्सेनि दोहोरिने समस्या यस वर्ष झन् गम्भीर बनेको छ। "पानीको उचित निकास नहुँदा सहरका मुख्य सडकदेखि आवासीय क्षेत्रसम्म डुबान भएको छ, जनताले घरभित्रै पानी जमेको गुनासो गरेका छन्", उहाँले भन्नुभयो।

उहाँले पानी निकासको लागि नगर प्रहरीसहित पालिकाबाट हुने हरेक प्रयास जारी रहेको बताउनुभयो। प्रमुख साहका अनुसार विशेष गरी जनकपुरधामको रामानन्दचोक, जानकी मन्दिर वरपर, राजदेवी मन्दिर रोड, सब्जी बजार, अस्पताल क्षेत्रलगायत स्थानमा पानीको स्तर बढ्दै गएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, आन्तरिक राजस्व कार्यालय, हुलाक कार्यालय, राष्ट्रिय समाचार समिति(रासस)को कर्यालय लगायतका सरकारी भवन परिसरमा पानी जमेको छ।

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले प्रदेशका विभिन्न नदीमा जलस्तर बढ्दै गएको जनाउँदै प्रहरी र सशस्त्र बललाई पूर्ण तयारी अवस्थामा रहन निर्देशन दिनुभएको छ । मुख्यमन्त्री सिंहले मधेश प्रदेश प्रहरी प्रमुखसँग सम्पर्क गरी जोखिम क्षेत्रका बासिन्दालाई तुरुन्तै सुरक्षित स्थानमा सार्न आदेश दिनुभएको हो ।

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627



Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रभाईसको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

### वर्षा र बाढीको कहरबाट बचौं र बचाऔं

अविरल वर्षा र बाढीको कहरबाट आफू बच्न र अरुलाई बचाउन आवश्यक रहेको देखिन्छ। समग्र मधेस प्रदेश अहिले जलमग्न भएको अवस्थामा उद्धार र राहत कार्य आवश्यक रहेको देखिन्छ । सम्बन्धीत सरोकारवाला तथा नागरिक समाजले समेत यस्तो बेला सहयोग गर्न आवश्यक रहेको देखिन्छ। नेपाल सरकारले जुन चेतावनी दिँदैआएका छन्, त्यो निकै गम्भीर विषय रहेको छ। यो आँधी-वर्षाको मौसममा बाढी-पहिरोको जोखिम बढेका छन्। खोला-नदीहरूमा पानीको स्तर बढेका छन्, भू-क्षयको सम्भावना बढेका छन् । यस्तो समयमा अनावश्यक यात्रा गर्दा जीवनको जोखिम बढाउँछ। तर यो सबैको सुरक्षा सचेतनाको लागि भए पनि धेरै नागरिकहरूले यो सूचनालाई वेवास्ता गर्दैआएको देखिन्छ । यात्रा गर्नुपर्ने कारण खोज्दै, अनावश्यक यात्रामा निस्किँदै छ । यस्तो चेतावनीहरूलाई सामान्य 'औपचारिकता' मात्र ठानेर धेरै नागरिकले जोखिमपूर्ण यात्रा गरिरहेको छ। पहिरो खसिरहेका सडक खण्डमा गाडी तेर्साउनु, खोलामा पानीको बहाव उच्च हुँदाहुँदै तर्न खोज्नु वा रातको समयमा जोखिमयुक्त यात्रा गर्नु नागरिकको अनाहकको हतार र अदूरदर्शिताको पराकाष्ठा रहेको देखिन्छ । यो वेवास्ताले दुर्घटनालाई निम्तो दिइरहेका छन्। यो व्यवहार बिगतका दुर्घटनाहरूबाट नै सिक्न नसक्ने नागरिक प्रवृत्तिको प्रतिबिम्ब पनि रहेको देखिन्छ। क्षणभरमै ज्यान जाने वा अपूरणीय क्षति हुने घटनाहरू आज पनि हाम्रा सामु उदाहरणको रुपमा रहेको देखिन्छ । मानिसहरूलाई एकै क्षणमा खोलाले बगाएको, सडकमा पहिरोले पुरिएको र जीवन तहसनहस भएको दृश्यको सम्झना हुँदाहुँदै पनि हामीले 'इतिहासबाट पाठ नसिकेर' फेरि त्यही गल्ती गर्न खोजीरहेका छौं । अन्तमा सरकारले दिएको सूचना केवल 'सूचना' होइन, यो त जीवन रक्षाको सन्देश रहेको देखिन्छ।


# सर्लाहीको साना खहरे खोला, कुलो तथा जरुवा सिँचाइ ब्यारेजमा समेत पानीको सतह बढे

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, १९ असोज**



सर्लाहीको बसवरिया गाउँपालिका स्थित मनुसमारा क्षेत्रमा भारी वर्षा मापन गरिएको छ । पछिल्लो २४ घण्टामा यहाँ २२३.६ मिलिमिटर वर्षा मापन गरिएको हो। लगातारको भारी वर्षा भएपछि साना खहरे खोला, कुलो तथा जरुवा सिँचाइ ब्यारेजमा समेत पानीको सतह बढेको छ। पानी पर्ने क्रम अझै नरोकिने भएकाले वर्षाको पानीले समेत जिल्लाका विभिन्न स्थानमा बाढी र डुबान बनाउन सक्ने चिन्तामा स्थानीय छन्। जल मापन स्टेसनको तथ्याङ्कअनुसार जिल्ला सदरमुकाम मलङ्गवा क्षेत्रमा २१५।४ मिलिमिटर वर्षा मापन भएको छ । योसँगै जिल्लामा स्थानीयलाई सुरक्षित रहन आग्रह गरिएको छ। जिल्ला प्रशासन कार्यालय सर्लाहीले सूचना जारी गर्दै होचो स्थानमा रहेका र बागमती, लखन्देही, झिम, बाँकेलगायत खोला किनारमा बसोबास गर्ने स्थानीयलाई सुरक्षित रहन सचेत गराएको प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले जानकारी दिनुभयो।

यस्तै पानीको सतह बढेसँगै बागमती सिँचाइ ब्यारेजको ३५ वटै ढोका खोलिएको छ । आयोजनाका इन्जिनियर अभिमन्यु चौधरीका अनुसार सर्लाही र रौतहट दुवैतर्फको च्यानल नहर बन्द गरेर पानी खोलातर्फ खोलिएको हो । रौतहटको पथेरेदोभानस्थित बागमती खोलामा रहेको जल सतह मापन केन्द्रका अनुसार अहिले बागमती नदीमा पानीको सतह ५।०५७ मिटर पुगेको छ । यस स्टेसनको मापन तहअनुसार ६ मिटर सतह खतराको सूचक हो भने, ६।८ मिटर खतरा तह मान्ने गरिएको छ । नदीमा पानीको बहाव बढ्दो क्रममा रहेकोले खतरा तहसम्मै पुग्ने जोखिम रहेको आयोजनाका इन्जिनियर चौधरीले जानकारी दिनुभयो। उहाँका अनुसार पानीले खतरा तह पार गरेपछि खोलाको ड्याम लगायतको संरचनामा क्षति पुग्न सक्ने जोखिम रहन्छ ।



अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# अविरल वर्षाले ठूलो मानवीय क्षति पुर्‍याए



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १९ असोज**

गत असार १८ र १९ गतेको अविरल वर्षाका कारण देशका विभिन्न प्रदेशहरूमा बाढी, पहिरो, चट्याङ र दुर्घटनाका घटनाले ठूलो मानवीय क्षति पुर्‍याएको छ। सशस्त्र प्रहरीले जारी गरेको तथ्याङ्कअनुसार, यो दुई दिने विपत्तिमा परी कुल ४९ जनाको मृत्यु भएको छ, भने २० जना घाइते भएका छन् र ७ जना बेपत्ता छन्। विपत्तिमा कोशी प्रदेश सबैभन्दा बढी प्रभावित भएको छ। यस प्रदेशको इलाम जिल्लामा बाढीपहिरोका कारण सर्वाधिक ३७ जनाको मृत्यु भएको छ, भने ७ जना घाइते छन् र १ जना बेपत्ता छन्।

त्यसैगरी, पाँचथरमा गाडी दुर्घटनामा परी ६ जनाको मृत्यु भएको छ भने ६ जना घाइते भएका छन्। उदयपुरमा बाढीपहिरोका कारण २ जनाको मृत्यु र १ जना घाइते भएको तथ्याङ्क छ । यसै क्रममा खोटाङमा चट्याङका कारण १ जनाको मृत्यु भएको छ र ३ जना घाइते भएका छन् भने भोजपुरमा चट्याङबाट २ जना घाइते भएका छन् । मधेश प्रदेशको रौतहटमा चट्याङबाट ३ जनाको मृत्यु भएको छ। बारामा बाढीले बगाएर १ जना बेपत्ता भएका छन्।

## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: मनमा पछुतो आउने
मिथून: खानपानमा समस्या आउने
कर्कट: मित्रतामा फाटो आउने
सिंह: पिछडेको साथी मिल्ने
कन्या: लामो यात्राको योग छ
तुला: अनावश्यक चिन्ता
वृश्चिक: अशुभ समाचार प्राप्त हुने
धनु: विचार गरेर बोल्नुहोला
मकर: शुभ कार्यको शुरुवात
कूम्भ: अनावश्यक खर्चको संभावना
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# पहिलो महिला प्रधानमन्त्री बन्न लागेकी ताकाइची हैनिन् नारीवादी

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ असोज



साने ताकाइची जापानकी पहिलो महिला प्रधानमन्त्री बन्ने तयारीमा छिन् तर उनका विचारहरू अझै पनि गहिरो पितृसत्तात्मक समाजका लागि सामाजिक रूपमा रूढीवादी मानिन्छन्।

मार्गरेट थ्याचरलाई आफ्नो प्रेरणा मान्नुहुने ताकाइची शनिबार सत्तारूढ लिबरल डेमोक्रेटिक पार्टी (एलडीपी) को प्रमुखमा निर्वाचित भइन्। सम्भवत: यही महिनाको अन्त्यमा प्रधानमन्त्रीको पदभार ग्रहण गर्नेछिन्। उनले 'नर्डिक देशहरूजस्तै' महिला प्रतिनिधित्वसहितको मन्त्रिपरिषद् बनाउने वाचा गरेकी छिन्। हालका प्रधानमन्त्री सिगेरू इसिबाको नेतृत्वमा दुई जना मात्र महिला मन्त्री थिए। ६४ वर्षीया ताकाइचीले महिलाको स्वास्थ्य सङ्घर्षका विषयमा जनचेतना बढाउने आशा व्यक्त गरेकी छिन्। रजोनिवृत्तिको आफ्नै अनुभवबारे खुलेर बोलेकी छिन्। यद्यपि, लैङ्गिक समानतासम्बन्धी उनका नीतिहरू अत्यन्तै रूढीवादी मानिन्छन्। उनी१९औँ शताब्दीको कानूनी प्रावधानमा भएको प्रस्तावित संशोधनको विरोधमा छिन्, जसले विवाहित जोडीहरूलाई एउटै थर लिन बाध्य पार्छ। यस कारण धेरै महिलाहरू पतिको थर लिन बाध्य हुने गर्छन्। ताकाइची जापानको शाही परिवारले पुरुष-मात्र उत्तराधिकार प्रणाली कायम राख्नुपर्ने पक्षमा छिन् र समलिङ्गी विवाहको समेत 'मौलिक रूपमा विरोध' गर्छिन्। टोकाई विश्वविद्यालयकी राजनीति तथा लैङ्गिक अध्ययन विज्ञ प्राध्यापक युकी सुजीका अनुसार ताकाइचीलाई महिला अधिकार वा लैङ्गिक समानतामा खास चासो छैन। उनले भनिन्, "त्यसैले अघिल्ला एलडीपी प्रशासनहरूका तुलनामा यस क्षेत्रमा ठूला नीतिगत परिवर्तनको सम्भावना छैन।"

# बक्स अफिसमा 'कान्तारा' को धमाका, पछि परे सलमान र रामचरण

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ असोज



साउथ अभिनेता ऋषभ शेट्टीको फिल्म 'कान्तारा : च्याप्टर १' ले भारतीय बक्स अफिसमा राम्रो व्यवसाय गर्न सफल भएको छ। गत २ अक्टोबर (१६ असोज) मा रिलिज भएको फिल्मले कमाइको मामलामा सलमान खानको 'सिकन्दर' र रामचरणको फिल्म 'गेम चेन्जर' लाई समेत पछि पारेको छ।

फिल्मले तीन दिनमा भारतमा मात्र १५० करोडको व्यवसाय गर्न सफल भएको छ। फिल्मको चौथो दिन अर्थात ५ अक्टोबर (१९ असोज) मा समेत राम्रो कमाइरहेको भारतीय मिडियाले जनाएका छन्। फिल्मले अहिलेसम्म केही ठुलो फिल्मको रेकर्ड तोडेको दाबी गरिएको छ। एकै मितिमा लागेका सलमानको फिल्म 'सिकन्दर'ले अहिलेसम्म ११० करोड कमाउन सफल भएको छ भने राम चरणको 'गेम चेन्जर'ले भने १३१ करोड कमाउन सफल भएको छ। 'कान्तारा : च्याप्टर १' कन्नड फिल्म हो। फिल्मले यो वर्ष धेरै कमाउने धेरै कमाउने कन्नड फिल्मको सूचीमा आफूलाई उभ्याउनुको अलवा अहिलेसम्म धेरै कमाउने फिल्मको सूचीको चौथो नम्बरमा परेको छ।

फिल्मले पहिलो दिन देखिँदै राम्रो कमाइ गरिरहेका छ। फिल्मले पहिलो दिन ६१.८५ करोड, दोस्रो दिन ४६ करोड र तेस्रो दिन ५५ करोड कमाउन सफल भएको थियो। फिल्मको अहिले सम्मको आम्दानी १६२.८५ करोड रुपैयाँ पुगेको छ। फिल्मले संसारभरबाट २२५ करोड बढी कमाएको बताइन्छ। फिल्ममा हिन्दी, तमिल, तेलुगु, मलयालम र बंगाली भाषा पनि प्रयोग भएको छ। फिल्म २०२२ को 'कान्तारा' को सिक्वेल हो। १४ करोड भारुको लागतमा बनेको 'कान्तारा' ले बक्स अफिसमा ४०० करोडभन्दा बढीको व्यापार गरेको थियो।

# आइतबारका लागि यस्तो छ विदेशी मुद्राको विनिमयदर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ असोज




नेपाल राष्ट्र बैंकले आइतबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १४१ रुपैयाँ ७४ पैसा र बिक्रीदर १४२ रुपैयाँ ३४ पैसा निर्धारण गरिएको छ।

युरोपियन युरो एकको खरिददर १६६ रुपैयाँ ३४ पैसा र बिक्रीदर १६७ रुपैयाँ ०४ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १९० रुपैयाँ ६० पैसा र बिक्रीदर १९१ रुपैयाँ ४१ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १७७ रुपैयाँ ९८ पैसा र बिक्रीदर १७८ रुपैयाँ ७३ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ९३ रुपैयाँ ६० पैसा र बिक्रीदर ९३ रुपैयाँ ९९ पैसा, क्यानेडियन डलर एकको खरिददर १०१ रुपैयाँ ४९ पैसा र बिक्रीदर १०१ रुपैयाँ ९२ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०९ रुपैयाँ ९४ पैसा र बिक्रीदर ११० रुपैयाँ ४० पैसा तोकिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ६२ पैसा र बिक्रीदर नौ रुपैयाँ ६६ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ९१ पैसा र बिक्रीदर १९ रुपैयाँ ९९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ ७९ पैसा र बिक्रीदर ३७ रुपैयाँ ९५ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ८९ पैसा र बिक्रीदर ३९ रुपैयाँ ०५ पैसा कायम भएको छ।

# एसियन कप छनोट : भियतनामसँग खेल्ने नेपालको अन्तिम टोली घोषणा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ असोज



एएफसी एसियन कप छनोटअन्तर्गत भियतनामसँग हुने खेलका लागि नेपालको अन्तिम टोली घोषणा भएको छ। प्रशिक्षक म्याट रसले भियतनाम विरुद्ध हुने होम एण्ड अवे म्याचका लागि आइतबार किरण कुमार लिम्बुको कप्तानीमा २३ सदस्यीय अन्तिम टोली घोषणा गरेका हुन्। रसले प्रारम्भिक चरणको प्रशिक्षणबाट १० खेलाडी बाहिर राख्दै अन्तिम टोली घोषणा गरेका हुन्।

नेपालले भियतनामसँगको अवे म्याच अक्टोबर ९ मा बिन दुंग रंगशालामा खेल्नेछ। त्यस्तै नेपालको आफ्नो होम म्याच पनि अक्टोबर १४ मा भियतनाममै हुनेछ। घरेलु मैदान दशरथ रंगशालमा खेल्ने तय भएपनि दशरथ रंगशाला अयोग्य भएपछि एएफसीले नयाँ न्युट्रल मैदान खोज्न एन्फालाई भनेको थियो। नेपालले केही समयअघि बंगलादेश विरुद्ध घरेलु मैदानमा खेलेको टोलीबाट ६ परिवर्तन गरिएको छ। एएफसी यू-२३ एसियन कप छनोट खेल्दा बंगलादेश विरुद्धको मैत्रीपूर्ण खेलका लागि टिममा नपरेका आयुष घलान, सुमित श्रेष्ठ र कृतिश रत्न छुन्जु सिनियर टिममा फर्किएका छन्। यस्तै गोलकिपर विशाल सुनार, डिफेण्डरद्वय विमल पाण्डे र सनिश श्रेष्ठले पनि पुनरागमन गरेका छन्। बंगलादेश विरुद्ध खेलेको टिममा रहेका गोलकिपर टिकेन्द्र थापा, डिफेण्डर अमित लामा र रनदिन पौडेल तथा फरवार्डहरु आदित्य शाक्य, समिर तामाङ र सृजन राज बाहिरिएका छन्।



अनुरोधकर्ता
औरही नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
जलेश्वर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# अन्तर्राष्ट्रिय शिक्षक दिवस : शिक्षा, मानवता र विश्व चेतनाको पुनर्जागरण



-डम्मर सिंह साउद

-हरेक वर्ष अक्टोबर ५ तारिखका दिन विश्वभर अन्तर्राष्ट्रिय शिक्षक दिवस मनाइन्छ। यो दिन कुनै साधारण औपचारिकता होइन, बरु मानव सभ्यताको गहिरो आत्मासँग सम्बन्धित उत्सव हो। शिक्षाका माध्यमबाट समाजलाई उज्यालो बनाउने र चेतनाको पुनर्जागरण गर्ने शिक्षकप्रति कृतज्ञता प्रकट गर्ने अवसर हो यो।

शिक्षक मात्र पेसा होइन मानवीय मूल्य, विवेक र विचारको निर्माण गर्ने माध्यम पनि हो। आजको विश्व विविध राजनीतिक, आर्थिक र सांस्कृतिक सङ्कटबाट जुधिरहेको छ, तसर्थ शिक्षकहरूको भूमिका अझ गहिरो र विश्वव्यापी रूपमा अर्थपूर्ण बनेको छ। सन् १९९४ मा युनेस्को र अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को संयुक्त पहलबाट अन्तर्राष्ट्रिय शिक्षक दिवस मनाउन सुरु गरियो। यसको मूलमा सन् १९६६ मा स्वीकृत आईएलओ/युनेस्को सिफारिस छ, जसले शिक्षकहरूको अधिकार, पेसागत हैसियत, तलब, तालिम र सुरक्षाको अन्तर्राष्ट्रिय मानक तय गर्‍यो। यो दिवसले शिक्षकको योगदानको स्मरण मात्र गर्दैन; शिक्षाको गुणस्तर, न्याय र समान अवसर सुनिश्चित गर्ने साझा प्रतिबद्धतालाई समेत जगाउँछ। शिक्षकहरूको सम्मान भनेको समाजको नैतिक चेतनाको स्तर मापन गर्ने सूचक हो, जुन देशमा शिक्षकको सम्मान हुन्छ, त्यहाँ ज्ञान र विकासको जग बलियो हुन्छ। शिक्षक ज्ञानका मात्र वाहक होइनन्; उनीहरू मानवीय चेतनाका मूर्तिकार हुन्।


उनीहरूले विद्यार्थीलाई केवल अक्षर सिकाउँदैनन्; बरु सोच्ने, प्रश्न गर्ने र विवेकपूर्ण निर्णय लिने क्षमता विकास गर्छन्। शिक्षकले विद्यार्थीलाई केवल पुस्तकमुखी होइन, जीवनमुखी दृष्टिकोण दिन्छन्। उनीहरू नै ती व्यक्ति हुन् जो एउटा बालकको अन्तर्मनमा सुप्त क्षमतालाई जगाउँछन् र उसको जीवनमा अर्थपूर्णता भर्छन्। यही कारणले शिक्षकलाई द्वितीय अभिभावक मात्र होइन, मानव निर्माणकर्ता पनि भनिन्छ। नेपालको सन्दर्भमा शिक्षकको भूमिका अझ संवेदनशील र गम्भीर छ। ग्रामीण र दुर्गम क्षेत्रका विद्यालयमा शिक्षकले सीमित स्रोत-साधनका बिच पनि शिक्षाको ज्योति बालिरहेका छन्। उनीहरू कहिलेकाहीँ शिक्षक मात्र होइन; समाजसेवी, स्वास्थ्य सल्लाहकार र समुदायका अगुवा पनि बन्छन्। यिनीहरूको जीवन चुनौतीले भरिएको छ; न्यून पारिश्रमिक, अस्थायी नियुक्ति, तालिमको अभाव र बढ्दो प्रशासनिक दबावबिच पनि उनीहरूले शिक्षाको जिम्मेवारी पूरा गर्न छाडेका छैनन्।

नेपालमा शिक्षा नीति धेरैजसो केन्द्रीकृत र औपचारिक संरचनामा सीमित छ। स्थानीय सन्दर्भ, भाषिक विविधता र सांस्कृतिक यथार्थलाई कम महत्त्व दिइँदा शिक्षाको सार कमजोर बनेको छ। शिक्षकलाई नीति निर्माणमा सहभागी नगराउँदा विद्यालयहरू प्रायः आदेश पालक संस्थाजस्ता बनेका छन्। यसले शिक्षणलाई आत्मनिर्भर र सिर्जनशील बन्न दिएको छैन। शिक्षकहरूको वास्तविक अनुभव, आवश्यकतालाई सुनेर मात्र शिक्षा सुधार सम्भव हुन्छ, तर नीति अझै पनि माथिबाट थोपारिएको सुधारजस्तो छ, जसले शिक्षकको स्वायत्ततालाई सीमित बनाएको छ। शिक्षकहरूको आर्थिक स्थिति पनि गम्भीर रूपमा विचार गर्नुपर्ने विषय हो। शिक्षण पेसा देशका धेरै भागमा आर्थिक रूपमा कमजोर पेसा बनेको छ। न्यून तलब र अस्थिर रोजगारीका कारण धेरै शिक्षक असन्तुष्ट र निराश छन्। त्यस्तै, राजनीतिक हस्तक्षेप र भागबन्डाले असल र क्षमतावान् शिक्षकको मनोबल ध्वस्त बनाउँदै गएको देखिन्छ। शिक्षा प्रणालीले शिक्षकको जीवन गुणस्तरलाई बेवास्ता गरेको छ। जसले गर्दा पेसामा दीर्घकालीन समर्पण घट्दै गएको छ। शिक्षाको गुणस्तर तब मात्रै सुधारिन्छ जब शिक्षक आत्मसम्मानपूर्वक, सुरक्षित र प्रेरित महसुस गर्छन्।

अन्तर्राष्ट्रिय शिक्षक दिवसले शिक्षकको भूमिकालाई मानव विकासको मुटुका रूपमा पुनः परिभाषित गर्छ। शिक्षकविना कुनै पनि समाजले न्याय, समानता र शान्तिको आधार निर्माण गर्न सक्दैन। शिक्षकले विद्यार्थीलाई केवल ज्ञान होइन, मूल्य सिकाउँछन्– सत्य बोल्न, गलतको विरोध गर्न, सहिष्णु बन्न र सहअस्तित्वको अभ्यास गर्न। कोभिड-१९ महामारीले शिक्षकहरूको वास्तविकता विश्वव्यापी रूपमा उजागर गर्‍यो। विद्यालयहरू बन्द हुँदा शिक्षा ठप्प हुन सक्थ्यो, तर शिक्षकहरूको समर्पणले त्यो रोके। धेरै शिक्षकले आफ्नै खर्चमा अनलाइन सिकाइ सञ्चालन गरे, मोबाइल नेटवर्क प्रयोग गरे र प्रविधिको सीमित पहुँचबिच पनि विद्यार्थीलाई निरन्तर सिकाइमा जोडिरहे, तर यसबाट अर्को प्रश्न पनि उठ्छ– शिक्षकहरूले यो जिम्मेवारी किन आफ्नै काँधमा लिनुपर्‍यो ? किन राज्यले आवश्यक प्रविधि, तालिम र सहयोग प्रदान गर्न सकेन ? यो स्थिति शिक्षा प्रणालीको असमानता र संरचनात्मक कमजोरीको प्रमाण हो। आज शिक्षा केवल कक्षाकोठा र पाठ्यपुस्तकमा सीमित छैन। कृत्रिम बौद्धिकता (एआई), डिजिटल प्रविधि र विश्वव्यापी सूचना पहुँचले शिक्षणको स्वरूप रूपान्तरण गरेको छ। यस सन्दर्भमा शिक्षकको भूमिका सूचना दिनेबाट सिकाइका सहयात्रीमा रूपान्तरण भएको छ। विद्यार्थीमा आलोचनात्मक सोच, सिर्जनात्मकता र सामाजिक जिम्मेवारी विकास गर्न शिक्षक स्वयंले पनि निरन्तर सिक्नुपर्छ, तर नेपालको शिक्षण प्रणाली अझै पनि परीक्षा केन्द्रित र पाठ्यपुस्तक निर्भर छ। शिक्षकहरूलाई नियम पालन गर्ने कर्मचारीका रूपमा हेर्ने परिपाटीले नवप्रवर्तन र स्वतन्त्र सोचको संस्कृतिलाई रोकिरहेको छ।


अन्तर्राष्ट्रिय शिक्षक दिवसले शिक्षकको भूमिकालाई मानव विकासको मुटुका रूपमा पुनः परिभाषित गर्छ। शिक्षकविना कुनै पनि समाजले न्याय, समानता र शान्तिको आधार निर्माण गर्न सक्दैन। शिक्षकले विद्यार्थीलाई केवल ज्ञान होइन, मूल्य सिकाउँछन्– सत्य बोल्न, गलतको विरोध गर्न, सहिष्णु बन्न र सहअस्तित्वको अभ्यास गर्न। उनीहरू नै ती व्यक्ति हुन् जसले भविष्यका नागरिकमा विवेक, करुणा र आलोचनात्मक चेतनाको बिउ रोप्छन्।

साभार : रातोपाटी।












प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday